# सुत्केरी गाई भैसी प्रोत्साहन अनुदान कार्यक्रम संचालन कार्यविधि, २०७९

**स्वीकृत मिति : २०७९/०९/२५ गते**

**पृष्ठभूमि :**

गाईभैँसीले बेतभरी दिने दुधको परिमाण ब्याएको दुई महिना भित्र दिएको दुध उत्पादन निर्भर रहेको हुन्छ । सो अवधि भित्र लैनो पशुले बढी दुध दिन सकेमा मात्र सोहि अनुपातमा सो बेत भरी नै उत्पादन कायम राख्न सकिन्छ । त्यसैले सो अवधि पशुको लागि अति महत्वपूर्ण अवस्था रहेको र यस अवस्थामा नै नवजात बाच्छाबाच्छी/पाडापाडीको स्याहार सुसार गर्नू पर्ने भएकोले आवश्यकता अनुसारको सन्तुलित आहारा र अन्य स्याहार सुसारका लागि कृषकहरुमा जागरण ल्याउन वाञ्छनीय भएकोले चौतारा साँगाचोकगढी नगरपालिकाले यो कार्यविधि निर्माण गरी लागू गरेको छ ।

## परिच्छेद -१
## प्रारम्भिक :

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यो कार्यविधिको नाम "सुत्केरी गाईभैसीं प्रोत्साहन अनुदान कार्यक्रम संचालन कार्यविधि, २०७९" रहेको छ ।

(२) यो कार्याविधि चौतारा साँगाचोकगढी नगरपालिकाबाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ ।

२. **परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :**

क) "नगरपालिका" भन्नाले चौतारा साँगाचोकगढी नगरपालिका सम्झनु पर्नेछ ।

ख) "शाखा" भन्नाले चौतारा साँगाचोकगढी नगरपालिका पशु सेवा शाखा सम्झनु पर्नेछ ।

ग) "कार्यविधि" भन्नाले "सुत्केरी गाईभैँसी प्रोत्साहन अनुदान अनुदान कार्यक्रम सञ्चालन कार्यविधि २०७९" सम्झनु पर्नेछ ।

घ) "सुत्केरी" भन्नाले सोहि आ.व. भित्र व्याएको पोथि पशुहरु जनाउने छ । (आ.व.२०७९/८० को हकमा २०७९ श्रावण १ गते पछि व्याएको पशुहरु जनाउनेछ) ।

३. **उद्देश्यहरु :**

क) दुधालु पशुको लैनो अवस्थामा थप स्याहार सुसार र उचित पोषणको माध्यमबाट दुध उत्पादन बृद्धि गरी सोही अनुपातमा बेत भरी नै दुध उत्पादन कायम राख्ने ।

ख) बाच्छा बाच्छीको मृत्यूदर कम गरी उचित बृद्धिदर, तौल तथा गुणस्तर कायम राख्ने ।

ग) पशुको दुई बेतको अन्तर कम गरी उत्पादन बढाउने ।

घ) नगरपालिकामा दुधालु पशुपालन गर्न प्रोत्साहन गरी दुध उत्पादन बृद्धि गर्ने ।

४. **कार्यक्रम संचालन हुने स्थानहरु :**

क) चौतारा साँगाचोकगढी नगरपालिका अन्तरगत सम्पुर्ण वडाहरु ।

५. **कार्यक्रमको अवधि :**

यो कार्यक्रमको अवधि १ बर्षको हुनेछ र आवश्यकता अनुसार विस्तार गर्दै लैजान सकिनेछ ।

**६. कार्यक्रम संचालनका लागि उपलब्ध गराउने अनुदान रकम :**

क) प्रति गाई/भैँसी रु. २५०० का दरले अनुदान उपलब्ध गराइनेछ ।

**७. कार्यक्रम संचालनका लागि कृषकले पेश गर्नुपर्ने कागजातहरु :**

क. पशु विमा गरेको हुनुपर्नेछ ।

ख. सम्बन्धित वडा कार्यालयबाट पशु व्याएको सिफारिस भएको हुनुपर्ने छ ।

ग. सम्बन्धित पशु धनी र सुत्केरी पशुको माउ बच्चा आउने फोटो पेश गरेको हुनुपर्नेछ ।

घ. पशुधनीले भुक्तानीको लागि निवेदन दिनु पर्नेछ ।

ङ. सम्बन्धित कृषकको नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि हुनुपर्नेछ ।

**८. अनुगमन तथा मुल्यांकन सम्बन्धी व्यवस्थाः**

यस कार्यक्रमको अनुगमन मुल्यांकन गर्नको लागि यस नगरपालिकाको उप प्रमुखको संयोजकत्वमा देहायका पदाधिकारीहरु रहेको अनुगमन तथा मुल्यांकन समिति रहनेछ ।

| | |
|---|---|
| उप-प्रमुख | संयोजक |
| आर्थिक विकास समिति संयोजक | सदस्य |
| सम्बन्धीत वडाको वडा अध्यक्ष | सदस्य |
| प्रशासन /योजना शाखा प्रमुख | सदस्य |
| सम्बन्धीत शाखाको शाखा प्रमुख | सदस्य सचिव |

***(अन्य सदस्यहरु आवश्यकता अनुसार आमन्त्रण गर्न सकिनेछ)***

**९. थपघट वा हेरफेर गर्न सक्ने**

१. यो कार्यविधिको कार्यान्वयन थप व्यवस्थित र प्रभावकारी बनाउन नगरपालिकाले आवश्यकता अनुसार यस कार्याविधिमा थपघट, हेरफेर तथा खारेज गर्न सक्नेछ ।

२. यस कार्याविधि कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजका लागि नगरपालिकाले आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ ।